औरही नगरपालिका
**नगरकार्यपालिकाको कार्यालय**
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

**"स्यालो ट्यूवेल जडान सम्बन्धि सूचना" ।**

प्रथम पटक प्रकाशित मिति : २०८०।०१।३१

यस औरही नगरपालिका, महोत्तरीको आ.व.०७९/०८० मा सञ्चालित बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखाले यस नगरपालिकामा सिंचाई सुविधा नपुगेका सम्पूर्ण क्षेत्रका कृषक, कृषक समुह, कृषि सहकारीका साथै कृषि संग आबध संद्ध संस्थालाई कम्तीमा ४ (चार) विघा जग्गामा १ (एक) थान ३" को स्यालो ट्यूवेलको सम्पूर्ण जडान समाग्रीहरुका साथै जडान खर्च एक मुष्ट बिल भरपाईको आधारमा औरही नगरपालिकाले रु.७,०००।- (अक्षरुपी सात हजार मात्र) दिने साथै बिद्युतीय सेवा पुगेको ठाउँमा २**HP** को मोटर ७५% अनुदानमा १ (एक) थान दिने निर्णय गरेकोले योग्य इच्छूक सेवाग्राहीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपशिल बमोजिमको कागजात सहितको प्रस्ताव फाईल तयार गरी निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**कृषकको हकमा :-**

१. ४ (चार) विघा जग्गाको लालपुर्जाको प्रतिलिपी,
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
३. स्यालो ट्यूबल जडान गरिने जग्गाको कित्ता नम्बर र स्थानको नाम,
४. बिद्युतीय सेवा पुगेको भए सो पनि निवेदनमा उल्लेख गर्ने ।

**कृषक समुह/संघ/संस्थाको हकमा :-**

१. चार (४) विघाको समुहगत लालपुर्जाको प्रतिलिपी,
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
३. संघ संस्थाको प्रमाणपत्रको प्रतिलिपी (नविकरण भएको)
४. बैठकको निर्णयमा कसको जग्गामा स्यालो ट्यूवेल जडान गर्ने हो सोको निर्णयको प्रतिलिपी,
५. स्यालो ट्यूवेल जडान गर्ने जग्गाको कित्ता नम्बर र स्थानको नाम ।

१।३१
....................
(निलाम्बर मिश्र)
नि.प्रमुख प्रशासकीय अधिकृत

निलाम्बर मिश्र
नि. प्रमुख प्रशासकीय अधिकृत